बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

(कार्यक्षेत्रः सिन्धुली र रामेछाप)

सिन्धुली, नेपाल

आ.व.:२०८२/८३

सूचना नं.:

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०८**

पशु सेवा कार्यालय, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमहरु अन्तर्गत एक जिल्ला एक विशेष पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रममा सहभागी हुन इच्छुक एवं " एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम मापदण्ड पुरा गरेका रामेछाप जिल्ला, सुनापति गाउँपालिका वडा नं. १ र ४ भित्रका आवेदकले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०८३/०१/२८ ) भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यस कार्यालय वा यस कार्यालय अन्तर्गत पशु सेवा केन्द्र, मन्थली, रामेछापमा आवेदन दर्ता गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता हुन आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत सूचित गरिन्छ।

| क.स. | बाली/वस्तु | आवेदक | कार्यालयको अधिकतम अनुदान रकम (रु. लाखमा)/प्रति साझेदार |
|---|---|---|---|
| १. | बाखा | निजी फर्म/कम्पनी/उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि बजार समिति | १) निजी फर्म/कम्पनी/उद्यमीको हकमा रु. ५ लाख<br>२) समूह सहकारीको हकमा रु. १० लाख |

आवेदन साथ संग्लग्न गर्नुपर्ने कागजातहरु

१. एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची-५ बमोजिमको आवेदन, अनुसुची-६ बमोजिमको प्रस्ताव पत्र, अनुसूची-७ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूची-८ बमोजिमको कार्यक्रम संचालन हुने स्थानको नक्सा।
२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि।
४. आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन (आवश्यक पर्नेको हकमा मात्र) र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

१/८

डा. धुव डि.सी.
वरिष्ठ पशु विकास अधिकृत
(नवौं तह)

५. कार्यक्रममा सहभागी गराइदिने सम्बन्धी स्थानीय तहको सिफारिस।

६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचनाको अन्तिम मितिले न्यूनतम पाँच (५) वर्षको करार सम्झौता पत्र।

७. सम्बन्धित पशु सेवा शाखाबाट बाख्रासंख्या खुल्ने सिफारिस।

८. बाख्राको बिमालेख प्रतिलिपि।

९. हाल पशुपालन गरेको (फार्म, पशुपालन गरेको) देखिने गरी खिचिएको रङ्गिन तस्विरहरु।

१०. बैदेशिक रोजगार/अध्ययनबाट फर्केको भए राहदानी/भिसा वा अन्य प्रमाण खुल्ने कागजातको प्रतिलिपि।

११. सम्बन्धित क्षेत्रको तालिम लिएको भए प्रमाण पत्रको प्रतिलिपि।

<u>समूह/सहकारीको हकमा मात्र लागु हुने थप विषय</u>

- कार्यक्रममा सहभागी हुने विषय तथा कार्यक्रममा सहभागी हुने कृषकहरु छनौट सम्बन्धि कृषक समूह/सहकारीको निर्णयको प्रतिलिपि ।
- कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र ।
- कृषक समूह/सहकारीको हकमा आ.व. २०८१/०८२ को साधारण सभाको निर्णय प्रतिलिपि।
- आवेदन प्रक्रियाका लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीको अख्तियारी पत्र।

<u>कार्यालयबाट प्रदान गरिने अधिकतम प्रोत्साहन रकम</u>

| क्र.स. | क्रियाकलाप | प्रोत्साहन रकमको अधिकतम सिमा |
|---|---|---|
| १. | पुँजीगत प्रकृतिका निर्माण कार्य | बढीमा ८० प्रतिशत |
| २. | चालु प्रकृतिका उत्पादन सामग्री र मेसिनरी उपकरण | बढीमा ५० प्रतिशत |

पुनश्चः एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ कार्यालयको वेबसाइट https://lsosindhuli.bagamati.gov.np/ मा हेर्न वा डाउनलोड गर्न सकिनेछ। थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ९८५४०४१७८५ वा ९८५४०३४०४३ मा सम्पर्क गर्न सकिनेछ।

डा. ध्रुब डि.सी.
[illegible] विकास अधिकृत